लुम्बिनी प्रदेश सरकार

**स्वास्थ्य मन्त्रालय**

स्वास्थ्य निर्देशनालय

**भीम अस्पताल**

भैरहवा, रुपन्देही

Tel: 071-587793

Email: bhimhospital.gov@gmail.com

लुम्बिनी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
भीम अस्पताल
रुपन्देही, नेपाल

## विषयः राशन सप्लाईका लागि शिलबन्दी दरभाउपत्र सम्बन्धी सुचना।

### सूचना प्रकाशित मितिः २०८२/१०/०९

यस भीम अस्पतालमा उपचारार्थ भर्ना हुने बिरामीहरुलाई २०८२ साल माघ महिना देखि २०८३ साल पौष मसान्त सम्मका लागि राशन बन्दोवस्त गर्नुपर्ने भएकोले यो १५ दिने सुचना प्रकाशित गरिएको छ। तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रहि ईजाजत प्रास ईच्छुक नेपाली नागरिक वा फर्महरुबाट शिलबन्दी दरभाउपत्र आव्हान गरिन्छ।

तपसिलः

१। दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन कार्यालय समय सम्म नेपाली नागरिकताको प्रमाणपत्र, नविकृत आयकर दर्ताको प्रमाणपत्र तथा मुल्य अभिबृद्धीकर दर्ता प्रमाणपत्र र कर चुक्ता प्रमाणपत्रहरुको प्रमाणित प्रतिलिपी सहित प्रत्येक फारामको रु १०००।०० एक हजार रुपैया मात्र (पछि फिर्ता नहुने गरी ) नगदै बुझाई यस कार्यालयबाट खरिद गर्न सकिनेछ ।

२। खरीद गरिएको दरभाउपत्र १६ औं दिन दिनको १२.०० बजे भित्र सम्म धरौटी बापत रु ७२५५७/- अक्षरुपी बहत्तर हजार पाँच सय सन्ताउन्न रुपैया रा.बा.बैंकको प्रदेश लेखा नियन्त्रक कार्यालय रुपन्देहीको धरौटी खाता नं. ३१२०१००२०२०३०००० मा कार्यालय कोड नं ३७००१४८०४५ मा नगदै जम्मा गरेको सक्कल भौचर वा मान्यता प्राप्त बाणिज्य बैक बाट यस अस्पतालका नाउंमा जारी भएको जमानत (दरभाउपत्र दाखिला गर्ने मिति बाट कम्तिमा ७५ दिनको मान्य अबधी भएको बिडबण्ड) संलग्न राखी आवस्यक विवरणहरु स्पष्टसंग भरी सही छाप समेत गरी सीलबन्दी गरी खामको बाहिर **भीम अस्पताल, रुपन्देहीको २०८२ साल माघ महिना देखि २०८३ साल पौष मसान्त सम्मका लागि राशनको शिलबन्दी दरभाउपत्र**_भनि उल्लेख गरी यस अस्पताल प्रमुखलाई सम्बोधन गरी यस कार्यालयमा दर्ता गर्न गर्नुपर्नेछ।

३। दर्ता हुन आएका शिललबन्दी दरभाउपत्रहरु १६ औं दिन दिनको २ (दुई) वजे कार्यालयका प्रतिनिधिहरु र दरभाउपत्रदाता ठेकेदार वा निजका प्रतिनिधिहरुको रोहवरमा यस अस्पतालमा खोलिनेछ । ठेकेदार प्रतिनिधि उपस्थित नभएमा पनि दरभाउपत्र खोल्नमा बाधा पर्ने छैन ।

४। दरभाउपत्र खरीद गर्ने अन्तिम दिन,दर्ता गर्ने अन्तिम दिन बिदा परेमा सो को भोलीपल्ट र लगत्तै कार्यालय खुलेको दिन सोही समयमा गरिनेछ ।

५। दरभाउपत्रमा मुल्य अभिबृद्धी कर बाहेकको दररेट कवुल गर्नुपर्नेछ । दर तथा जम्मा महलमा अंक अक्षर दुबै प्रष्ट संग भर्नुपर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिईनेछ ।

६। ठेक्का अवधिभर मुल्यबृद्धी दिईने छैन । दिईएको डाईट स्लिप बमोजिमका खाद्यान्न ठेकेदार आफैले नियमित रुपमा अस्पतालको भान्सा घरमा सप्लाई दिनु पर्नेछ ।

७। सिलबन्दी दरभाउपत्रसाथ राशनको नमुना पनि पेश गर्नुपर्नेछ ।

८। रीत नपुगेको वा म्याद नाघी आएको दरभाउपत्र उपर कुनै कारबाही हुने छैन । दरभाउपत्र स्विकृत गर्ने वा नगर्ने वा आंशिक स्विकृत गर्ने अधिकार यस अस्पताललाई हुनेछ ।

९। यस सूचनामा उल्लेख हुन छुट भएका कुराहरु प्रचलित सार्वजनिक खरीद ऐन २०६३ तथा सार्वजनिक खरीद नियमावली २०६४ अनुसार हुनेछ ।

१०। अन्य कुराहरु बुझ्नु परेमा कार्यालय समय भित्र कार्यालयमा आई बुझ्न सकिनेछ ।

अस्पताल प्रमुख

अस्पताल प्रमुख